# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली बैशाख ०७ गते, सोमबार २०८३ साल, (संख्या ६)

भाग -३

## गौरीगंगा नगरपालिका उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि, २०८३

**प्रस्तावनाः** नेपालको भौगोलिक परिवेशले उपलव्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिको उपयोग गरी गौरीगंङ्गा नगरपालिका क्षेत्र भित्र व्यवसायिक कृषि वा पशुपन्छीपालन माध्यमबाट दिगो आर्थिक बृद्धि तथा रोजगारी वा स्वरोजगारी सृजना, खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ। तर पनि कृषि योग्य भूमीको अनुपयुक्त प्रयोग र निर्वाहमुखी कृषि प्रणालीको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरुले प्रर्याप्त मात्रामा आम्दानी गर्न नसकी कृषि पेशा अरु पेशाको तुलनामा कम आकर्षक र सम्मानित रहेको छ। कृषि क्षेत्रलाई पेशाको रुपमा विकास गर्न नसक्नाले नगरपालिकाबाट वर्षेनी युवाहरु वैदेशिक रोजगारीमा जान बाध्य भएका छन भने शिक्षित युवाहरुलाई यस पेसामा संलग्न गरउन चुनौती छ ।

कृषि क्षेत्रलाई उत्पादन रोजगारको माध्यमबाट आकर्षक क्षेत्रकारुपमा विकास गर्न एका तिर शिक्षित युवालाई कृषि पेशामा आकर्षित गरी देश भित्र रोजगरीको सृजना गर्नु आवश्यक छ भने अर्को तर्फ कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनु पर्ने आवश्यकता छ। यसै परिप्रेक्षमा गौरीगंङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले कृषि व्यवसायमा कृषि तथा पशुपालन गरिरहेका व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि २०८२ बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि २०८२ रहेको छ

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुने छ ।

२. **परिभाषा:** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"कार्यक्रम"** भन्नाले उत्कृष्ट कृषक **प्रोत्साहन** कार्यक्रमलाई सम्झनु पर्दछ ।

ख. **"उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधिका लागि न्यूनतम योग्यता"** भन्नाले अनुसूची १ मा उल्लेख भएको उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रमकामा सहभागिताका लागि न्यूनतम मापदण्डलाई जनाउँछ ।

ग. **"समिति भन्नाले"** यस कार्यविधिको दफा ५ अन्तर्गत रहेको समितिलाई जनाउँछ ।

घ. **"कार्यालय" भन्नाले** गौरीगंङ्गा नगरपालिकाको नगर कार्यपालिको कार्यालय भन्ने सम्झनु पर्दछ ।

ङ. **"कृषक" भन्नाले** कृषि तथा पशुपालन गर्ने कृषकलाई सम्झनु पर्दछ ।

च. **"उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि" भन्नाले** गौरीगंङ्गा नगरपालिका भित्र व्यवसायिकरुमा कृषि तथा पशुपालन गरेका प्राविधिकरुपमा कृषि व्यवसाय संचालन गरेका आफूले उत्पादन गरी नगरपालिका लगायत अन्य क्षेत्रमा आफ्नो उत्पादित कृषि तथा पशुजन्य उत्पादन बिक्रि गरि व्यवसायबाट अन्य कृषकलाई रोजगार दिलाएका स्थानीय स्रोत तथा साधनलाई प्रयोग गरेका सुधारिएको गोठ र कृषि सम्वन्धि प्रविधिमा साधारण जानकार भएका साथै वडा देखि नै छनौट भएर आएका कृषकलाई सम्झनु पर्दछ ।

छ. **"सम्बन्धित शाखा"** भन्नाले कृषि शाखा र पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रम संञ्चालनको उद्देश्य

३. **यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य** (१) यस कार्यविधिको उदेश्य देहाय बोमोजिम हुनेछ ।

क. कृषकहरुको योग्दानको सम्मान गर्न ।

ख. कृषि तथा पशुपालन पेशालाई आकर्षक एवम् सम्मानित पेशाको रुपमा विकास गर्न ।

ग. कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरि कृषि पेशालाई व्यवसायिक बनाउन ।

घ. कृषकको मनोवल उच्च राख्न ।

ङ. शिक्षित युवा कृषकलाई कृषि पेशामा आकर्षित गर्न ।

## परिच्छेद-३

## उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि

४. <u>उत्कृष्ट कृषक प्रोत्साहन</u> कार्यविधिः (१) गौरीगंङ्गा नगरपालिकाको कार्यक्षेत्र भित्रका व्यवसायिकरुपमा उत्कृष्ट कृषकहरु छनोट गर्नको लागि ११ वटै वडामा पत्राचार गरि आफ्नो वडा भित्रका व्यवसायिक रुपमा कृषि व्यवसाय सञ्चालन गर्ने कृषकको नामावली नगरपालिकामा पठाउने प्रत्येक बर्षको बैशाख मसान्त भित्र कार्यालयमा पठाउन पत्राचार गरीनेछ ।

(२) वडा कार्यालयबाट सिफारिस भई आएको कृषकहरुको नामावली र निवेदन थप अध्ययन गरी नगरपालिकामा रहेको उत्कृष्ट कृषक प्रोत्साहन छनौट समितिद्धारा अन्तिम नामावली प्रकाशन गरिनेछ ।

## परिच्छेद-४

## उत्कृष्ट कृषक प्रोत्साहन छनौट समिति

५. <u>उत्कृष्ट कृषक प्रोत्साहन छनौट समितिः</u> (१) गौरीगङ्गा नगरपालिकामा उत्कृष्ट कृषक प्रोत्साहन छनौट समिति निम्न बमोजिम रहनेछ ।

| | |
|---|---|
| क. नगर प्रमुख | संयोजक |
| ख. नगर उप प्रमुख | सदस्य |
| ग. आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

६. <u>समितिको काम कर्तव्य र अधिकार</u>ः (१) गौरीगङ्गा नगरपालिकामा उत्कृष्ट कृषक प्रोत्साहन छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. म्याद भित्र वडाबाट आएका सिफारिसलाई मात्र मान्यता दिने ।

ख. वडा कार्यालयबाट सिफारिस भएर आएका कृषक मध्यबाट अनूसूची १ मा भएका बाली तथा पशुपन्छीलाई आधार मानेर समितिले छनौट गर्ने ।

ग. वडा कार्यालयबाट सिफारिस भएर आएका कृषकलाई समितिले पुन अनुगमन गरि उत्कृष्ट देखिएका कृषकलाई छनौट गर्नु पर्ने ।

घ. सम्बन्धित शाखाको तर्फबाट एक आ. व. मा बढीमा ५ जना कृषकलाई प्रोत्साहन गर्नका लागि छनौट गर्ने ।

गौरीगंगा राजपत्र

ङ. छनौट भएका कृषकहरु सम्वन्धि कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय गौरीगङ्गा नगरपालिकामा रहेको छ। उत्कृष्ट कृषक प्रोत्साहन छनौट समितिले तथ्यगत निर्णय गर्ने छ ।

## परिच्छेद-५

## विविध

७. **विविधः** उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम संञ्चालनको समन्वय गौरीगंङ्गा नगरपालिका कृषि शाखा/पशु सेवा शाखाले समन्वयकारी भुमिका निर्वाह गर्ने छ ।

८. अनुसूची-१मा पुरस्कार कार्यक्रममा सहभागिका लागि न्यूनतम मापदण्ड रहनेछ ।

९. अनुसूची-२ मा पेश गर्ने निवेदनको ढाँचा हुनेछ ।

१०. अनुसूची-३ मा कृर्षकहरुको व्यक्तिगत विवरण हुनेछ ।

११. अनुसूची-४ मा उत्कृष्ट कृषक प्रोत्साहनको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्याङ्कका आधारहरु हुनेछन ।

१२. अनुसूची-५ मा पुरस्कार राशीको विवरण हुनेछ ।

गौरीगंगा राजपत्र

## अनुसूची-१

(दफा ८ संग सम्बन्धित)

**उत्कृष्ट कृषक प्रोत्साहन** पुरस्कार कार्यक्रममा सहभागिका लागि न्यूनतम मापदण्ड तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने ।

| क स | बालीको नाम | क्षेत्रफल /संख्या (न्यूनतम ) | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न वाली | १५ कठ्ठा | |
| २ | तरकारी वाली | ५ कठ्ठा | |
| ३ | च्याउ खेती | २ वटा टनेल | |
| ४ | पुष्प तथा मसाला वाली | ५ कठ्ठा | |
| ५ | फलफूल वाली | ५० वोट | |
| ६ | दहलन तेलहन बाली | ५ कठ्ठा | |
| ७ | नगदेवाली | १० कठ्ठा | |
| ८ | मौरी पालन | १० घार | |
| ९ | बाख्रापालन | २५ माउ बाख्रा | |
| १० | बंगुर सुँगुरपालन | ५ वटा माउ बंगुर/सुँगुर | |
| ११ | गाई भैसीपालन | ५ वटा माउ गाई/भैंसी | |
| १२ | कुखुरापालन | १०० गोटा भन्दा वढी | |
| १३ | हाँस पालन | १०० गोटा भन्दा वढी | |
| १४ | माछापालन | ५ कठ्ठा | |
| १५ | घाँस खेती | ५ कठ्ठा | |

कुनै कृषकले एक वा एक भन्दा बढी किसिमका बालि लगाउनु भएको छ र उत्पादन पनि बढी छ भने उक्त किसान पनि कार्यक्रममा सहभागि हुन सक्नेछ ।

गौरीगंगा राजपत्र

## अनुसूची २

(दफा ९ संग सम्बन्धित)

उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रममा भाग लिने कृषकले पेश गर्नु पर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

गौरीगङ्गा नगरपालिकाको कार्यालय,

चौमाला, कैलाली ।

विषयः उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रममा सहभागि हुन पाउँ ।

यस कार्यालयको मिति ........................को सार्वजनिक सुचना अनुसारको उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रममा मलाई सहभागि हुने इच्छा भएकोले पालिकाको निर्धारित अनुसूची ३ बमोजिमको मेरो व्यक्तिगत विवरण सहितको विवरण सहितको निवेदन फारम दर्ता गरी दिन हुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न विवरण ठिक छ झुठ्ठा ठहरिएमा कानून बमोजिम सहुला बुझाउला ।

निवेदकको नामः

दस्तखतः

ठेगानाः

मोबाईल नं

गौरीगङ्गा राजपत्र

## अनुसूची-३
## (दफा १० संग सम्बन्धित)
व्यक्तिगत विवरणको ढाँचा

उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रमको लागि कृषकले पेश गर्नु पर्ने निवेदनको फारम

फोटो

१ कार्यक्रममा सहभागी कृषकको नामः

२ जन्म स्थान र जन्म मिति

३ सहभागीको स्थाई ठेगाना

४ पत्राचार गर्ने ठेगाना

५ श्रोत साधनको विवरण

| क स | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कृषक संग भएको श्रोत साधन | | |
| क | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गाको समेत ) | | |
| ख | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग | पशुपालनका लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| २ | सिंचाईको श्रोत | | |
| क | कुलो | | |
| ख | बोरिङ्ग | | |
| ग | इनार | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

६ खेती गरिएको वालीको क्षेत्रफल तथा उत्पादन विवरण

गौरीगङ्गा राजपत्र

खाद्यान्न वालि

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | धान | | | |
| २ | गँहु | | | |
| ३ | मकै | | | |
| ४ | कोदो | | | |
| ५ | जौ | | | |
| ६ | आलु | | | |
| ७ | दालबालि | | | |

तरकारी बालि

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | बर्षे तरकारी | | | |
| २ | हिउँदे तरकारी | | | |
| ३ | बेमौसमी तरकारी | | | |

च्याउ खेती

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | कन्ये च्याउ | | | |
| २ | सितके च्याउ | | | |
| ३ | गोब्रे च्याउ | | | |

पुष्प तथा मसला खेती

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | फुल खेती | | | |
| २ | मसला खेती | | | |

फलफुल खेती

गौरीगंगा राजपत्र

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | आँप | | | |
| २ | लिची | | | |
| ३ | केरा | | | |
| ४ | ड्रयागन फ्रूट | | | |
| ५ | सुन्तला | | | |
| ६ | कागती | | | |
| ७ | मेवा | | | |
| ८ | अन्य | | | |

दलहन, तेलहन बाली

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | तोरी | | | |
| २ | बदाम | | | |
| ३ | अन्य | | | |

मौरी पालन

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | मौरी गोला | | | |

नगदे बाली

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | उखु | | | |
| २ | जुट | | | |
| ३ | अन्य | | | |

७ पशुपन्छीपालन तथा उत्पादन विवरण

गौरीगंगा राजपत्र

| क स | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | माछापालन | | | |
| २ | ठुला पशु संख्या गाई/गोरु, भैसी/राँगो आदी | | | |
| ३ | साना पशु संख्या बाखा/भेडा, बंगुर आदि | | | |
| ४ | प्रजननका लागि पालिएको पशुको विवण | | | |
| ५ | हाँस, कुखुरापालन | | | |
| ६ | दुध उत्पादन | | | |
| ७ | मासु उत्पादन | | | |
| ८ | अण्डा उत्पादन | | | |
| ९ | घाँस उत्पादन | | | |

८ सेवा तथा संस्थागत पहुँचको विवरण

| क स | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी काममदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्य | | | |
| ३ | पन्छीपालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

९ कृषि व्यवसायमा लगानी स्थिति

| क स | लागनीको श्रोत | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सेवा तथा संथागत पहँच रकम रु | | |
| २ | जम्मा खेती खर्च | | |
| ३ | जम्मा पशुपालन खर्च | | |
| ४ | जम्मा पन्छीपालन खर्च | | |
| ५ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ६ | अन्य खर्च | | |

गौरीगंगा राजपत्र

| | | | |
|---|---|---|---|
| ७ | जम्मा खर्च | | |

१० कृषि व्यवसायमा भएको लगानीको स्रोत

| क्र स | लगानीको श्रोत | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण | | |
| ३ | समुह सहकारीबाट लिएको ऋण | | |
| ४ | छिमेकीबाट लिएको ऋण | | |
| ५ | आफ्नै आम्दानीबाट व्यहोरिको रकम | | |
| ६ | जम्मा | | |

११ कृषि पेशाबाट पारिवारिक आम्दानीको स्थिती

| क्र स | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफिय |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन कार्यबाट | | |
| ३ | पन्छीपालनबाट | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट कुल जम्मा आम्दानी | | |

१२ निम्न विषयमा सहभागी कृषक दक्षता

| क्र स | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुमसरण (भएको /नभएको ) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको /नगरेको ) | |
| ३ | प्रविधि विस्तामा योगदान (भएको /नभएको ) | |
| ४ | रोगकिरा नियन्त्रण प्रविधि उपयोग (भएको /नभएको ) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको /नगरेको ) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्वन्धि रेकर्ड व्यवस्थापन (पाएको /नपाएको ) | |

गौरीगंगा राजपत्र

| | | |
|---|---|---|
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (गरेको /नगरेको ) | |
| ८ | समुह समिति सहकारीका सदस्य (भएको /नभएको ) | |
| ९ | स्थानिय स्तरमा आफ्नो अनुभवको आदन प्रदान गरेको /नगरेको ) | |

१३ नयाँ कृषि प्रविधि विकास

१४ खेती प्रणलीमा अपनाईएको प्रविधिहरुको विवरण

१५ कृषि व्यवसाय एवं प्रविधि विस्तृतीकरण कुनै भएमा

१६ कृषि व्यवसाय प्रवर्द्धका भावी योना कुनै भएमा

१७ कृषकको सफलताको कथा १०० शव्दमा नबढने गरी

गौरीगंगा राजपत्र

अनुसूची ४

(दफा ११ संग सम्बन्धित)

## उत्कृष्ट कृषक प्रोत्साहनको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्याङ्कका आधारहरु

| क स | मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिती एवं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदन प्रदान योगदान | २० | |
| ३ | उत्पादन स्थिती /उत्पादकत्व | १५ | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सृजनाको सथिती | १० | |
| ६ | कृषि तथा पशुपालन व्यवसायमा गरेको आर्थिक लगानीको स्थिती | ५ | |
| ७ | कृषि /पशु विकास कार्यालय र प्राविधिक सँगको सम्पर्क स्थिती | ५ | |
| ८ | प्राविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोग स्थिती | १० | |
| ९ | कृषि व्यवसायको दियोपना स्थिती | १० | |
| १० | सिर्जनात्मक कार्य गरेको | १० | |

गौरीगंगा राजपत्र

### अनुसूची-५
(दफा १२ संग सम्बन्धित)

छनौट भएका कृषकहरुलाई पुरस्कार रकम रु.

| क स | पुरस्कारको नाम | पुरस्कार संख्या | प्रति पुरस्कार रकम रु |
|---|---|---|---|
| १ | उत्कृष्ट कृषक प्रोत्साहन | प्रथम १ जना | ३५००० |
| २ | | द्धितिय १ | २५००० |
| ३ | | तृतीय १ | २०००० |
| ४ | | सान्तवना २ | प्रति व्यक्ति १०००० |

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र